# गैरआवासीय नेपाली संघ

# अनुशासन समितिको कार्य व्यवस्था सम्बन्धी नियमावली, २०२१

**अन्तर्राष्ट्रिय समन्वय परिषद् बैठकको निर्णय मितिः २०२१ जुलाई १७**

**संशोधनः**

१. गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय महाधिवेशन तथा साधारण सभा सञ्चालन सम्बन्धी (पहिलो संशोधन) नियमावली, २०२३ - सन् ९ *जुलाई २०२३ को अन्तर्राष्ट्रिय समन्वय परिषद्को बैठक*

**प्रस्तावनाः**

गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद्का पदाधिकारीहरु, सदस्यहरु, विभिन्न मुलुकहरुमा रहेका राष्ट्रिय समन्वय परिषद्का पदाधिकारीहरु एवं सदस्यहरु एवं संघसँग आवद्ध अन्य व्यक्तिहरुलाई गैरआवासीय नेपाली संघको विधान, नियमावली, विनियमावली, कार्यविधि, आचार संहिताको पालना गर्न गराउन, पदाधिकारीहरु तथा सदस्यहरुको मर्यादा बढाउन वाञ्छनिय भएकोले गैरआवासीय नेपाली संघको विधान २००३ *.................. को परिच्छेद ९ को दफा ३० बमोजिम गठित हुने अनुशासन समितिले कार्य व्यवस्था गर्न बाञ्छनीय भएको हुँदा अन्तर्राष्ट्रिय समन्वय परिषद्ले गैरआवासीय नेपाली संघको विधान २००३ *..................को दफा १७.६ को दिएको अधिकार प्रयोग गरी यो नियमावली बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यी नियमहरुको नाम "गैरआवासीय नेपाली संघ अनुशासन समितिको कार्यव्यवस्था सम्बन्धी नियमावली, २०२१" रहेको छ ।

(२) यो नियमावली अन्तर्राष्ट्रिय समन्वय परिषद्ले निर्णय भएको मिति बाट लागू हुनेछ ।

२. **परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमाः

(क) **"संघ"** भन्नाले गैरआवासीय नेपाली संघलाई जनाउनेछ ।

(ख) **"विधान"** भन्नाले गैरआवासीय नेपाली संघको विधान २००३ *.................. लाई जनाउँनेछ । *उक्त शब्दावलीले सो विधानको सट्टामा जारी हुने विधान वा सोमा समय समयमा हुने संशोधन समेतलाई जनाउँनेछ ।

(ग) **"साधारण सभा"** भन्नाले संघको वार्षिक साधारण सभा वा विशेष साधारण सभालाई जनाउनेछ ।

(घ) **"समिति"** भन्नाले अनुशासन समितिलाई जनाउनेछ ।

(ङ) **"संयोजक"** भन्नाले अनुशासन समितिको संयोजकलाई जनाउनेछ ।

(च) **"प्रमुख संरक्षक"** भन्नाले संघको प्रमुख संरक्षकलाई जनाउनेछ ।

(छ) **"सचिवालय"** भन्नाले संघको कार्यालयलाई जनाउनेछ ।

---

* पहिलो संशोधनद्वारा झिकिएको ।

* पहिलो संशोधनद्वारा झिकिएको ।

* पहिलो संशोधनद्वारा झिकिएको ।

* पहिलो संशोधनद्वारा थप ।

(३) समितिको संयोजक वा सदस्यले समितिबाट राजिनामा दिएमा, निजहरुको मृत्यु भएमा वा निजहरु नै खराव आचरणको ठहर भई समितिमा संयोजक वा सदस्यहरुको पद रिक्त भएमा उक्त रिक्त पदहरुमा संयोजक वा सदस्यहरु अन्तर्राष्ट्रिय समन्वय परिषद्ले चयन गर्नेछ ।

♣(४) उपनियम (३) को अवस्था सिर्जना भएमा त्यस्तो अवस्था भएको ७ (सात) दिन भित्र सोको जानकारी अन्तर्राष्ट्रिय समन्वय परिषद्लाई संयोजक वा सदस्यहरुले दिनु पर्नेछ ।

♣(५) उपनियम (३) को अवस्था सिर्जना भई रिक्त भएको पदको पदपूर्ति अन्तर्राष्ट्रिय समन्वय परिषद्ले जानकारी प्राप्त भएको मितिले १ (एक) महिना भित्र गर्नु पर्नेछ ।

४. **समितिको काम, कर्तव्य र अधिकारः**

विधानको दफा ३० मा उल्लेख भएका काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(१) पदाधिकारी वा ♣आइसीसी सदस्य वा संघको सदस्य वा एनसीसी पदाधिकारी वा एनसीसी सदस्य विरूद्ध परिषदमा कुनै उजुरी परेको वा खराव आचरणका सम्बन्धमा कुनै जानकारी प्राप्त भएकोमा त्यसको आधारमा समितिले पदाधिकारी वा ♣आइसीसी सदस्य वा संघको सदस्य वा एनसीसी पदाधिकारी वा एनसीसी सदस्यलाई कारबाही गर्न आवश्यक छ वा छैन् अनुसन्धान गर्न गराउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम अनुसन्धान गर्दा कुनै पदाधिकारी वा ♣आइसीसी सदस्य वा संघको सदस्य वा एनसीसी पदाधिकारी वा एनसीसी सदस्य उपर कारबाही गर्नुपर्ने देखिएमा समितिले त्यस्तो पदाधिकारी वा ♣आइसीसी सदस्य वा संघको सदस्य वा एनसीसी पदाधिकारी वा एनसीसी सदस्यलाई ३० दिन भित्र सफाई पेश गर्ने उचित मौका दिनुपर्छ ।

(३) उपनियम (२) बमोजिम सफाई पेश गर्ने मौका दिदा सम्बन्धित पदाधिकारी वा ♣आइसीसी सदस्य वा संघको सदस्य वा एनसीसी पदाधिकारी वा एनसीसी सदस्य बिरूद्ध लागेको आरोप र त्यसको आधार तथा निजलाई हुन सक्ने सजाय समेत उल्लेख गर्नुपर्छ ।

(४) समितिले ♣.................. अनुशासन सम्बन्धी आचार संहिता बनाई परिषद्मा पेश गर्न सक्नेछ ।

(५) पदाधिकारी वा ♣आइसीसी सदस्य वा संघको सदस्य वा एनसीसी पदाधिकारी वा एनसीसी सदस्यहरुले खराव आचरण गरेको देखिएमा पदाधिकारी वा ♣आइसीसी सदस्य वा संघको सदस्य वा एनसीसी पदाधिकारी वा एनसीसी सदस्यलाई कारवाहीको लागि अन्तर्राष्ट्रिय समन्वय परिषद्मा सिफारिस गर्नेछ ।

५. **बैठकः**

---

♣ पहिलो संशोधनद्वारा थप ।
♣ पहिलो संशोधनद्वारा थप ।
♣ पहिलो संशोधनद्वारा थप ।
♣ पहिलो संशोधनद्वारा थप ।
♣ पहिलो संशोधनद्वारा थप ।
♣ पहिलो संशोधनद्वारा थप ।
♣ पहिलो संशोधनद्वारा थप ।
♣ पहिलो संशोधनद्वारा झिकिएको ।
♣ पहिलो संशोधनद्वारा थप ।
♣ पहिलो संशोधनद्वारा थप ।

(१) समितिलाई कुनै व्यक्ति मार्फत वा सचिवालय मार्फत उजुरी प्राप्त भएको मितिबाट ३० दिन भित्र संयोजकले अनिवार्य रुपमा समितिको बैठक आह्वान गर्नु पर्नेछ ।

(२) सदस्यहरुको संख्याको कम्तिमा ५१ (एकाउन्न) प्रतिशत सदस्यहरु बैठकमा उपस्थित हुनुपर्ने छ ।

६. **बैठकको निर्णयः**

सामान्यतया बैठकको निर्णय सहमतिमा गरिनेछ । कारणबस सहमति हुन नसकेमा निम्न बमोजिमको प्रक्रिया अपनाइने छः

(१) समितिको काम कारवाहीको कार्यविधि सम्बन्धमा उपस्थित समितिको सदस्यहरुको सामान्य बहुमतले छनौट गर्नेछ ।

(२) संयोजकले समितिको निर्णय आवश्यक पर्ने समय भन्दा ढिलो नगरिकन सामान्य बहुमतबाट पारीत भएमा सो निर्णयको कार्यान्वयनको लागि अन्तर्राष्ट्रिय समन्वय परिषद्का अध्यक्ष समक्ष स्वीकृतिको लागि पेश गर्नेछ ।

(३) यदि समितिमा अन्तर्राष्ट्रिय समन्वय परिषद्का अध्यक्ष माथि नै उजुरी पर्न आएमा र निर्णय गर्नु पर्ने भएमा सो निर्णय माथि स्वीकृती दिने व्यक्ति संघको प्रमुख संरक्षक हुनेछ ।

७. **अनुसन्धानः**

समितिले कुनै पनि उजुरी सम्बन्धमा थप छानविन गर्न पर्ने देखिएमा संयोजक स्वंयले, कुनै कानूनको विज्ञ अथवा समितिका कुनै सदस्यलाई अनुसन्धान अधिकृत तोक्न सक्नेछ । त्यस्तो अनुसन्धानको प्रतिवेदन प्राप्त भएपछि समितिले यस नियमावलीको नियम १० बमोजिम प्रक्रिया अगाडी बढाउने छ ।

८. **गोप्यता कायमः**

समितिमा परेको उजुरी, त्यस सम्बन्धि निर्णय लगायत अन्य कार्यहरुमा प्रक्रियागत रुपमा टुङ्गो नलागे सम्म सबै कार्यहरु गोप्य रहनेछ । उजुरीको निर्णय नभए सम्म उजुरीको बारेमा कुनै पनि टिप्पणी र छलफल सार्वजनिक रुपमा गरिने छैन् ।

९. **बैठक सम्बन्धी प्रक्रियाः**

(१) यस नियमावलीमा नपरेका कुराहरु गैरआवासीय नेपाली संघको विधान, अन्य नियमावली तथा आचार संहिताको आधारमा समितिले निर्णय गरे बमोजिम हुनेछ ।

(२) समितिका कुनै सदस्यहरुको पद रिक्त भएमा बाँकी अवधिको लागि रिक्त पदमा अन्तर्राष्ट्रिय समन्वय परिषद्ले चयन गर्नेछ ।

(३) समितिको बैठकको अध्यक्षता संयोजकले गर्नेछ । संयोजकको अनुपस्थितिमा ज्येष्ठताको आधारमा सदस्यहरु मध्येबाट एक जना सदस्यले बैठकको अध्यक्षता गर्ने छ ।

(४) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिने छ ।

(५) समितिको एउटा निर्णय पुस्तिका अथवा विद्युतिय पुस्तिका हुनेछ । जसको प्रमाणित संयोजक र सदस्य सचिवले गर्नुपर्नेछ ।

(६) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(७) समितिको राय, प्रतिवेदन र निर्णय कम्प्यूटरको वर्ड फायलमा लेखिनेछ । उक्त फायलको प्रतिलिपि ईमेल अथवा हुलाक मार्फत जानकारी गराइनेछ । जानकारी गराउँदा उजुरी सम्बन्धी गोप्यता कायम रहनु पर्नेछ । समितिको कुनै पनि सदस्यले वा सम्बन्धित व्यक्तिहरुले गोप्यता भंग गर्न पाउने छैन् ।

१०. **उजुरी सम्बन्धमा देहायको कार्य प्रणाली अपनाइने छः**

(१) उजुरीकर्ताले समितिको संयोजक वा सदस्यहरुलाई इमेल मार्फत वा आफूलाई सजिलो लाग्ने उपयुक्त माध्यमबाट उजुरी दर्ता गर्न गराउन सक्नेछ । उजुरीकर्ताले आफ्नो नाम, ठेगाना, परिचय संलग्न गर्नु पर्नेछ ।

(२) उजुरकर्ताले उजुरी गर्दा ठोस प्रमाणहरु पेश गर्नुपर्नेछ । आवश्यक परेमा उजुरकर्तासँग समितिले थप अनुसन्धानका निम्ति कुनै कुरा बुझ्न, पेश गर्न गराउन एवं प्रमाणित गर्न लगाउन सक्नेछ ।

(३) उजुरी परेको एक हप्ता भित्र समितिका संयोजकले अन्य सदस्यहरुलाई उजुरीको प्रतिलिपि संलग्न गरी जानकारी पठाउनु पर्नेछ ।

(४) उजुरकर्ताले गरेको उजुरी उपर समितिले सो उजुरी सान्दर्भिक, जायज वा उपयुक्त छ, छैन, त्यसले संघको छविमा आँच आउने हो, होइन आदिमा पुनरविचार गरी कारवाही अघि बढाउने वा नबढाउने निर्णय गर्न सक्नेछ ।

(५) म्याद सूचना जारी गर्दा इलेक्ट्रोनिक सञ्चार माध्यम ईमेल, फ्याक्स वा अन्य छिटो हुने उपयुक्त साधनको प्रयोग सुरक्षित रुपमा गर्न सकिनेछ ।

(६) समितिमा पर्न आएको उजुरी सम्बन्धमा सम्बन्धित व्यक्ति, संस्था तथा आवश्यक निकायसँग समितिले यथार्थ बस्तु स्थिति बुझ्न सक्नेछ ।

(७) उजुरी परेको व्यक्ति वा संस्था स्वयंले अथवा आधिकारिक प्रतिनिधि मार्फत समिति समक्ष आफ्नो प्रतिवाद प्रमाण सहित पेश गर्न सक्नेछ ।

(८) उजुरकर्ता र उजुरी परेको व्यक्तिको बयानको सुनवाई समितिले तोके बमोजिम हुनेछ र समितिले माध्यम तोक्दा सबै पक्षलाई सहज रुपमा पहुँच हुन सक्ने माध्यम तोक्न सक्नेछ ।

(९) सुनुवाई हुने दिन संयोजकको निर्देशन अनुसार सदस्य सचिवले तोक्नेछ ।

(१०) सुनुवाई हुने दिनका सम्वन्धमा समितिका सदस्यहरुलाई ७ (सात) दिन अगावै ईमेल मार्फत जानकारी गराईनेछ ।

(११) सुनुवाई सकिए पछि समितिले ठोस राय सहितको निर्णय गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद्का अध्यक्ष समक्ष हस्ताक्षरका लागि पठाउनु पर्नेछ ।

(१२) समितिले पठाएको राय प्राप्त भएको १५ दिन भित्र परिषद्को अध्यक्षले निर्णय माथि स्वीकृति प्रदान गर्न सक्नेछ वा पुर्नविचारको लागि एक पटक सम्म समितिमा फिर्ता पठाउन सक्नेछ ।

(१३) उजुरीकर्ता, पदाधिकारी वा सदस्य भएमा, उजुरीकर्ताले बदनियत पूर्वक उजुरी गरेको ठहर भएमा निजलाई मुद्दाको प्रकृति अनुरुप अनुसन्धानमा लागेको आर्थिक खर्चको क्षतिपूर्ति गर्ने वा निलम्वन र निष्कासन समेत गर्न सक्नेछ ।

(१४) अनुशासन समितिले गरेको निर्णय अन्तिम हुनेछ । सो निर्णय सम्बन्धी जानकारी सरोकारवालालाई संयोजक वा सदस्य मार्फत यथाशीघ्र गराईनेछ ।

♣(१५) माथि जे जस्तो उल्लेख भएता पनि छानवीन वा जाँचबुझ गर्दा उजुरी तथ्यपूर्ण नदेखिएमा वा उजुरीमा किटिएको कुनै कार्य गलत मनसाय नराखि मानवीय त्रुटीका कारण भएको देखिएमा वा उजुरीमा उल्लेखित कार्य गम्भिर प्रकृतिको नदेखिएमा त्यस्तो उजुरीलाई तामेलीमा राख्न पर्नेछ । तर उजुरी तथ्यपूर्ण नदेखिएमा बाहेक अन्यको हकमा समितिले एक पटक सचेत गराउँनु पर्नेछ ।

११. **कारवाही सम्बन्धी व्यवस्थाः**

---

♣ पहिलो संशोधनद्वारा थप ।

समितिले दोषीलाई आचरणको प्रकृति हेरेर जरीवाना, केही समयको लागि निलम्वन र निष्कासन वा राजिनामा दिन लगाईनेछ । सोको स्वीकृतिका लागि अन्तर्राष्ट्रिय समन्वय परिषद्का अध्यक्ष समक्ष पेश गर्नु पर्नेछ । अन्तर्राष्ट्रिय समन्वय परिषद्का अध्यक्षको निर्णय पश्चात् कारबाही लागू हुनेछ ।

१२. <u>**समितिको समयावधिः**</u>

अन्तर्राष्ट्रिय समन्वय परिषद्को पदावधि समाप्त भएपछि समितिको समय अवधि स्वतः सकिने छ ।

१३. <u>**कार्यविधि बनाउने अधिकारः**</u>

यो नियमावली कार्यान्वयन गर्न समितिले आवश्यक कार्यविधि बनाउन सक्नेछ र त्यस्ता कार्यविधिहरु अन्तर्राष्ट्रिय समन्वय परिषदबाट स्वीकृत भए पछि प्रारम्भ हुनेछन् ।

१४. <u>**बाधा अड्काउ फुकाउः**</u>

यस विनियमावली अनुसार कार्य गर्दा कुनै बाधा, अड्काउ पर्न आएमा समितिको अनुरोधमा त्यस्तो बाधा अड्काउ अन्तर्राष्ट्रिय समन्वय परिषद्ले संघको विधानसँग नबाझिने गरी फुकाउन सक्नेछ ।

१५. <u>**यसै नियमावली बमोजिम हुनेः**</u>

यस नियमावलीमा लेखिएका कुराहरुको हकमा यसै नियमावली बमोजिम हुनेछ ।

१६. <u>**खारेजी र बजाउः**</u>

(१) गैरआवासीय नेपाली संघ अनुशासन समितिको कार्यव्यवस्था सम्बन्धी नियमावली, २०१९ खारेज गरिएको छ ।

(२) गैरआवासीय नेपाली संघ अनुशासन समितिको कार्यव्यवस्था सम्बन्धी नियमावली, २०१९ बमोजिम भए गरेका काम कारबाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

।।समाप्त।।